आज मिति २०७४ साल कार्तिक १३ गते रामेछाप नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नर बहादुर थापा मगरज्यूको अध्यक्षतामा बसी देहायका विषयहरुमा छलफल एवं निर्णयहरु भयो ।

उपस्थिति

१. नगर प्रमुख श्री नर बहादुर थापा मगर
२. नगर उप प्रमुख श्री श्रृजना खड्का
३. वडा नं. १, वडा अध्यक्ष श्री नर बहादुर थापा क्षेत्री
४. वडा नं. २, वडा अध्यक्ष श्री निर बहादुर श्रेष्ठ
५. वडा नं. ३, वडा अध्यक्ष श्री भूपाल राज श्रेष्ठ
६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र बहादुर तामाङ्ग
७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम बहादुर तामाङ्ग
८. वडा नं. ६, वडा अध्यक्ष श्री धन बहादुर खड्का
९. वडा नं. ७, वडा अध्यक्ष श्री समीर कार्की
१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की
११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र बहादुर श्रेष्ठ
१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु
१३. नगर कार्यपालिका सदस्य श्री समिता बि.क.
१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी बस्नेत कार्की
१५. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले
१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल
१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु
१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल
१९. नगर कार्यपालिका सदस्य श्री जनक राज सुनुवार
२०. कार्यकारी अधिकृत श्री इश्वर राज दाहाल

आमन्त्रित

१. स्वकीय सचिव श्री लक्ष्मण श्रेष्ठ
२. लेखा अधिकृत श्री नात बहादुर खड्का
३. इन्जिनियर श्री कुसुम भट्टराई

Scanned by CamScanner

निर्णयहरु :

१. यस नगरपालिका क्षेत्र भित्र गत आ.ब. ०७३/७४को अन्तिम चौमासिकमा सामाजिक सुरक्षा भत्ता बापत रु. २,७०,२८,७२०।–खर्च भएकोमा यस बर्षको पहिलो चौमासिकका लागि केन्द्रीय पञ्जिकरण विभागबाट रु.६४,७०,०००।- निकासा भएको भनी कोष तथा लेखा नियन्त्रक कार्यालय रामेछापबाट भुक्तानी आदेश प्राप्त भएको । यसरी प्राप्त रकमले सामाजिक सुरक्षा भत्ता बाड्न नपुग्ने हुंदा थप निकासाको लागि गत आर्थिक वर्षको अन्तिम चौमासिकमा खर्च भएको प्रमाण सहित केन्द्रीय पञ्जिकरण विभागमा पठाउंदा विभागबाट भत्ता प्राप्त गर्ने सबै लाभग्राहीको विबरण तोकिएको ढांचामा अनलाईन फाराम (online form) भरी आएपछि स्वत: अर्थ मन्त्रालयबाट निकासा हुन सक्ने अन्यथा गत बर्षको कागजी प्रमाणका आधारमा मात्र निकासा हुन नसक्ने जानकारी प्राप्त भएकोले यसलाई गम्भीरतापूर्वक लिई सबै वडाहरुबाट तोकिएको ढांचामा विवरण एक हप्ता भित्र उपलब्ध गराई दिन वडाध्यक्षज्यूहरुले पहल गर्न र सबै वडाबाट प्राप्त विबरण कम्प्युटर इन्ट्री गरी नगरपालिकाले छिटो निकासा लिनका लागि पहल गर्ने निर्णय गरीयो ।

२. मिति २०७४/६/२३ को पत्रबाट सडक बोर्ड नेपालबाट प्राप्त भएको सडक योजनामा खर्च गर्ने रकम रु. २५,००,०००।- र सो का लागि चाहिने लागत सहभागिता ३० प्रतिशत रकम रु.१०,७१,४२८। मर्मत संभार विशेष कोष शीर्षकमा रहेको रकमबाट बेहोर्ने, साथै यो एकमुष्ठ रु.३५,७१,४२८। वडा नं.७ को कालीकुवा चोक चाम्बोट, होदिल हुदै च्यास्कु सम्म सडक मर्मत तथा स्तरोन्नति योजना छनौट गरी खर्च गर्ने निर्णय गरीयो ।

३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रामेछापबाट प्राप्त मिति २०७४/६/२४ का पत्रानुसार सरसफाई दूतको रुपमा छनौट गर्न देहायका व्यक्तित्वहरुको नाम पठाउने निर्णय गरीयो ।

क. श्री रामप्रसाद ढकाल रामेछाप न.पा. वडा नं. ३

ख. श्री सानोबाबु सुनुवार रामेछाप न.पा. वडा नं. ५

ग. श्री हिरण्यप्रसाद पौडेल रामेछाप न.पा. वडा नं. ८

४. यस नगरपालिकामा स्थायी दरबन्दीमा इन्जिनियर नभै करारमा श्री कुशुम भट्टराईलाई काममा लगाउदै आएकोमा निजको करार अवधि यही २०७४ असोज मसान्तबाट सकिएकोमा निजलाई नै इन्जिनियरको रुपमा २०७४ पौष मसान्त सम्म कामलाई निरन्तरता दिने गरी निर्णय भएकोमा सो को अनुमोदन गर्ने निर्णय गरीयो ।

५. रामेछाप अस्पताल विकास समिति रामेछापको मिति २०७४/७/७ को प्राप्त पत्रानुसार KFW बाट निर्माण हुने २५ शैयाको अस्पताल निर्माण पश्चात अस्पताल सञ्चालनका लागि नगरपालिकाको तर्फबाट गर्नु पर्ने सबै प्रकारका सहयोग एवं निर्णयका लागि प्रतिवद्धता ब्यक्त गर्ने निर्णयका साथ २५ शैयाको अस्पताल निर्माण गरिदिन अनुरोध गरी पठाउने निर्णय गरीयो ।

६. यस नगरपालिकाको वार्षिक नगर योजना र नगरपालिकाको संक्षिप्त परिचय सहित पुस्तिका प्रकाशन गर्न देहाय अनुसारको सम्पादन समिति र सहयोगी कर्मचारीहरुको मनोनयन गर्ने निर्णय गरीयो :

सम्पादन समिति सदस्यहरु :

क. कार्यकारी अधिकृत श्री इश्वर राज दाहाल

ख. लेखा अधिकृत श्री ज्ञान बहादुर खड्का

ग. इन्जिनियर श्री कुशुम भट्टराई

घ. स्वकीय सचिव श्री लक्ष्मण श्रेष्ठ

सहयोगीहरु :

क. खरिदार श्री प्रकाश निरौला

ख. खरिदार श्री घनामाया श्रेष्ठ

समितिको बैठकलाई नगर कार्यपालिका बैठक सरह भत्ता उपलब्ध गराउने ।

नगर प्रमुख

कार्यकारी अधिकृत

Scanned by CamScanner

७. यस नगरपालिकाको भौगोलिक अवस्थिति, जनताको आय स्तर तथा भूकम्प पिडितहरुलाई समेत ध्यानमा राखी घर नक्सा पास सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरीयो :

क. घर नक्सा पासका चरणहरु-

चरण १ : नक्सा दरखास्त फाराम तथा आवश्यक कागजात संकलन कार्य

चरण २ : १५ दिने सूचना टाँस तथा टाँस मुचुल्का कार्य

चरण ३ : सर्जमीन मुचुल्का

चरण ४ : प्रथम चरण नक्सा पास

चरण ५ : नक्सा पास प्रमाण पत्र जारी गर्ने

चरण ६ : घर निर्माण सम्पन्न प्रमाण पत्र

उक्त विभिन्न चरणहरु मध्ये चरण १ देखि चरण ३ सम्मको कार्य वडा कार्यालयहरुबाटै गर्ने गराउने र जसका लागि आवश्यक कागजात तत्कालै वडाले बुझिलिई कार्यान्वयन गर्ने ।

ख. भूकम्प प्रतिरोधी घरहरुको नक्सा हकमा नक्सा निर्माणको सहजीकरण गर्न नगरपालिकाबाटै ढुङ्गा माटोको नमुना घर नक्सा उपलब्ध गराउने र नमुना नक्सा उपलब्ध गराई दिन राष्ट्रिय पूनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन ईकाईलाई पत्राचार गर्ने र उक्त नक्साहरु नि:शुल्क रुपमा उपलब्ध गर्न गराउन वडा कार्यालय तथा पूनःनिर्माण प्राधिकरण तर्फका प्राविधिकहरुलाई समेत निर्देशन गर्ने ।

ग. नगरपालिकाबाट उपलब्ध गराईने नक्सामा घरहरुको साईज

१. दुई कोठा =१४'×२४'६"

२. दुई कोठा =१५'×२७'

३. तीन कोठा =१५'×३७'

४. तीन कोठा =१५'×३३'३"

नर बहादुर थापा मगर
नगर प्रमुख